# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## दोर्दी गाउँपालिका

लमजुङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## दोर्दी गाउँपालिका

लमजुङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## दोर्दी गाउँपालिका

लमजुङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी**

पत्र संख्या: २०७९।८०

च.नं. ७०

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,

दोर्दी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

लमजुङ ।

**कैफियत सहितको राय**

हामीले दोर्दी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.४ करोड ९ लाख ९५ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू. ८८ लाख ५९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड १९ लाख २५ हजार, नियमित गर्नुपर्ने रु १ करोड २ लाख ११ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ४ करोड ७ लाख ४८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ८ करोड १७ लाख ४३ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्कको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)

नायब महालेखापरीक्षक

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३३ | २३१ | ४०९९५ | ० | ० | ० | ३३ | २३१ | ४०९९५ | ८८५९ | १०२११ | २१९२५ | ० | ० | ३२१३६ | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दोर्दी गाउँपालिका | ४०७४८ | ० | ० | ४०७४८ | ० | ४०९९५ | ८१७४३ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : दोर्दी गाउँपालिका, लमजुङ,

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Shamser Gurung | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Abinash Dhakal | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४०,९९५,४३३.१७ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ४,७०,६७,०३८.३८ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७,०६,३८,५२३ | **चालु खर्च** | ३०,१५,१०,२४५.१६ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७५,५६,००० | **पूँजीगत खर्च** | १५,१४,६८,१२५.४६ |
| **राजश्व बाँडफाँट** | ८,०८,५८,२९९.८५ | **वित्तीय/अन्य व्यवस्था** | ४,०१,०३,४७५.३४ |
| **आन्तरिक आय** | ५८,१६,५४४.२४ | | |
| **अन्य आय** | १२,२८,३०,०७३.०२ | | |
| **कुल आय** | ५९,७६,९९,४४०.११ | **कुल खर्च** | ४९,३०,८१,८४५.९६ |
| **बाँकी मौज्दात** | | ४,००,७२,०७२.९५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना, २०७८ बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ। | |
| २ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। पालिका अन्तर्गत९ वडा, ४८ सभा सदस्य तथा १८ हजार ३९२ जनसंख्या रहेका छन्। यसको क्षेत्रफल ३५०.९३ वर्ग किलोमिटर रहेको छ। | |
| ३ | | | **संचित कोषको प्राप्ति र भुक्तानी**<br>दोर्दी गाउँपालिकाको ले प फा नं २७२ अनुसार आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण देहायबमोजिम रहेको छ । | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५२,०४,५२,२७८ | ४८,६७,१६,७३०.८६ | | ४८,६७,१६,७३०.८६ | ४२,३७,०५,७९७.६५ | | ४२,३७,०५,७९७.६५ |
| क. प्राप्ति (संचितकोष मा आम्दानी बाँधिने) | | ५१,२४,६८,००० | ४७,५२,५८,५५६.०९ | ० | ४७,५२,५८,५५६.०९ | ४१,५३,१९,५३५.८४ | ० | ४१,५३,१९,५३५.८४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ११००० कर | ११ | ८,४२,५२,००० | ८,३२,३७,६९८.४३ | ० | ८,३२,३७,६९८.४३ | ७,६२,३८,९५८.७३ | ० | ७,६२,३८,९५८.७३ | |
| | | | १३००० अनुदान | | ४२,७२,१६,००० | ३८,८१,९४,५२३ | ० | ३८,८१,९४,५२३ | ३३,७८,७८,६९४ | ० | ३३,७८,७८,६९४ | |
| | | | संघीय सरकार | १२ | ४०,८२,१६,००० | ३७,०६,३८,५२३ | ० | ३७,०६,३८,५२३ | ३२,०७,०१,६९४ | ० | ३२,०७,०१,६९४ | |
| | | | प्रदेश सरकार | १२ | १,९०,००,००० | १,७५,५६,००० | ० | १,७५,५६,००० | १,७१,७७,००० | ० | १,७१,७७,००० | |
| | | | १४००० अन्य राजस्व | | १०,००,००० | ३८,२६,३३४.६६ | ० | ३८,२६,३३४.६६ | १२,०१,८८३.११ | ० | १२,०१,८८३.११ | |
| | | | ख. अन्य प्राप्ति | | ७९,८४,२७८ | १,१४,५८,१७४.७७ | | १,१४,५८,१७४.७७ | ८३,८६,२६१.८१ | | ८३,८६,२६१.८१ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कोषहरु | | ७९,८४,२७८ | ७०,५९,४६९.३१ | ० | ७०,५९,४६९.३१ | ७९,१४,३०९.८१ | ० | ७९,१४,३०९.८१ | |
| | | | धरौटी | | ० | ४३,९८,७०५.४६ | ० | ४३,९८,७०५.४६ | ४,७१,९५२ | ० | ४,७१,९५२ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | भुक्तानी (ग+घ) | | ५६,९९,५२,२७८ | ४५,८८,९०,५३०.६२ | | ४५,८८,९०,५३०.६२ | ४१,७२,७०,७७९.१० | | ४१,७२,७०,७७९.१० | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५६,१९,६८,००० | ४५,२९,७८,३७०.६२ | | ४५,२९,७८,३७०.६२ | ४०,९६,६८,२६६.१० | | ४०,९६,६८,२६६.१० | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | २३,३४,८४,००० | २१,८०,१८,३९२.६९ | ० | २१,८०,१८,३९२.६९ | १६,०७,७१,५७२.५७ | ० | १६,०७,७१,५७२.५७ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ७,६९,१६,६०० | ६,४९,९२,१५३.४७ | ० | ६,४९,९२,१५३.४७ | ११,८६,५३,२२९.४४ | ० | ११,८६,५३,२२९.४४ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ५२,१२,००० | ४७,३२,५१९ | ० | ४७,३२,५१९ | १,००,००० | ० | १,००,००० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | १,५७,६२,००० | १,०४,५३,८४३ | ० | १,०४,५३,८४३ | ६२,७३,३०२ | ० | ६२,७३,३०२ | |
| | | | २८००० अन्य खर्च | १८ | ४१,३५,००० | ३३,१३,३३७ | ० | ३३,१३,३३७ | १८,४३,०८० | ० | १८,४३,०८० | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २२,६४,५८,४०० | १५,१४,६८,१२५.४६ | ० | १५,१४,६८,१२५.४६ | १२,२०,२७,०८२.०९ | ० | १२,२०,२७,०८२.०९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३३००० दायित्व | १८ | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | घ. अन्य भूक्तानी | | ७९,८४,२७८ | ५९,१२,१६० | | ५९,१२,१६० | ४१,७२,७०,७७९.१० | | ४१,७२,७०,७७९.१० | |
| | | | कोषहरु | | ७९,८४,२७८ | ५४,१४,४८० | ० | ५४,१४,४८० | ७०,०२,६३९ | ० | ७०,०२,६३९ | |
| | | | धरौटी | | ० | ४,९७,६८० | ० | ४,९७,६८० | ५,९९,८७४ | ० | ५,९९,८७४ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (४,९५,००,०००) | २,७८,२६,२००.२४ | | २,७८,२६,२००.२४ | ६४,३५,०१८.५५ | | ६४,३५,०१८.५५ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४,७८,८६,२६०.०५ | | ४,७८,८६,२६०.०५ | ६,९०,७७,९८८.६२ | | ६,९०,७७,९८८.६२ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (४,९५,००,०००) | ७,५७,१२,४६०.२९ | | ७,५७,१२,४६०.२९ | ७,५५,१३,००७.१७ | | ७,५५,१३,००७.१७ | |
| | | | | | | | | | | | | |
| | | | बैंक तथा नगद बाकी | २४ | | ७,६५,१५,४६०.२९ | | ७,६५,१५,४६०.२९ | १,१७,१६,१०१.०३ | | १,१७,१६,१०१.०३ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अन्तरसरकारी वित्तीय हस्तान्त्रण तर्फ<br><table>
<tr><th>विवरण</th><th>बजेट</th><th>विवरण</th><th>खर्च</th></tr>
<tr><td>सामाजिक सुरक्षा</td><td>११११४८५६०</td><td>सामाजिक सुरक्षा</td><td>११११४८५६०</td></tr>
<tr><td>गरिबसंग विशेश्वर</td><td>४६४०००</td><td>गरिबसंग विशेश्वर</td><td>४६४०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।<ul>
<li>पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।</li>
<li>पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।</li>
<li>राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन।</li>
<li>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।</li>
<li>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।</li>
<li>स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।</li>
<li>दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।</li>
<li>पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।</li>
</ul></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>• पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• सहायक जिन्सी खातामा कर्मचारी तथा पदाधिकारीले प्रयोग गरेको सवारी तथा अन्य जिन्सी सामाग्रीहरुको सम्बन्धित व्यक्तिले बुझिलिएको दस्तखत गरेको र अवकाश वा सरुवा भएका कर्मचारीले फिर्ता गरेका मालसमान हाल कुन अवस्थामा भएको वा अन्य कुनै कर्मचारीलाई पुनः प्रयोगका लागि बुझाएको भन्ने रेकर्ड व्यवस्थित रुपमा राखेको पाइएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४को नि७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयारगर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिकसंरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमासुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>• सामाजिक सुरक्षा भत्तावितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्तालिन चाहेमा दफा ९बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची २ को ढाँचा बमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्तदिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सामाजिक सुरक्षा वितरणभत्ता कार्यविधि, २०७७ को परिच्छेद ७ को दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२(३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको।<br>• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,<br>• सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, | |
| ५ | | | **वित्तीय विवरणको विश्लेषण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीकोव्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्: | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को संचितकोषको प्राप्ती तर्फ रु.४७५२५८५५६।०९देखिएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित आर्थिक विवरण अनुसार संघ तथा प्रदेश अनुदान रु.३८८१९४५२३, बाँडफाँडबाट प्राप्त रकम रु.८०८५८२९९।८५ र आन्तरिक आम्दानी रु.५८१६५४४।२४ समेत रु.४७४८६९३६७।०९ हुने देखिन्छ । जसमा रु.३८९१८९ सुत्रले कम देखाएको छ । जुन रकम प्रदेश सरकारबाट राजस्व बाँडफाडमा बढी रकम प्राप्त भएकाले फरक देखाएको देखिन्छ ।अन्य प्राप्तिमा कोषहरुको रु ४०७५२०६।३१ धरौटी रु.३४९८७०५।४६ र अन्य आम्दानी रु.३९८४२६३ गरी कुल रु.११४५८१७४।७७ म ले प फा नं २७२ मा रु.११४५८१७४।७७ देखिन्छ ।<br>· पालिकाको म.ले.प.फा.२७२ को संचितकोषको भुक्तानीतर्फ रु.४५२९७८३७०।६२ मात्र देखिन्छ भने एकीकृत आर्थिक विवरण अनुसार ४५२९७८३७०।६२ अन्य भुक्तानी रु ५९१२१६० र एकीकृत आर्थिक विवरणमा रु.५९१२१६० देखिन्छ ।<br>· यस स्थानीय तहले NPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन(म.ले.प.फा.नं.२७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको एंव सुत्रमा विषयगत शिर्षकहरुको निकासा तथा खर्च रु.११ करोड ११ लाख ४८ हजार ५६० समेटन नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ।<br>स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचितकोषमा फिर्ता गर्नुपर्नेव्यवस्था भए बमोजिम पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार सबै खाताहरुको रकम २०७८ श्रावणमा मात्रै खर्च खाताबाट फिर्ता गरी संचित कोषमा आम्दानी बाँधिएको छ।<br><br>**गत वर्षको जिम्मेवारी**ः पालिकाले म.ले.प प्रतिवेदन अनुसार संचित कोष तथा अन्य विभिन्न कोष समेत गरी रु.४७९३७०२८।३६ यस आर्थिक वर्षमा जिम्मेवारी सार्नुपर्नेमा रु.४७८८६२६०।०५ मात्र जिम्मेवारी सारेको देखिन्छ । पालिकाले गत आर्थिक वर्षको एकीकृत आर्थिक विवरणको मौज्दात भन्दा रु.५०७६८।३१ कम सारेको देखिन्छ<br><br>**बैंक मौज्दात**ः प्रमाणित एकिकृत आर्थिक विवरणमा संचित कोष तथा अन्य विभिन्न कोषहरुको समेत गरी बैंक मौज्दात रु.४००७२०७२।९२ देखाएकोमा सुत्रको म.ले.प.फा.न २७२ मा रु.७५७१२४६०।२९ देखिन्छ।एकिकृत आ.वि. सुत्रको म.ले.प.फा.न २७२ मा रु.३५६४०३८७।३७ फरक परेको देखिन्छ । यस सम्बन्धमा पालिकाले एकीन गर्नुपर्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **खर्च विश्लेषण**<br>पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु.५८१६५४४।२४ राजस्व बाँडफाँड रु.८०८५८२९९।८५ र अनुदानबाट रु.३८८१९४५२३ समेत रु.४७४८६९३६७।०९आम्दानी भएकोमा चालुतर्फ रु.३०१५१०२४५।१६र पूँजीगततर्फ रु.१५१४६८१२५।४६ समेत रु.४५२९७८३७०।६२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १।२८ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.१२४६६३०५ खर्च भएको छ जुन आन्तरिक आयको २१४।३२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.४९ प्रतिशत चालु र ३६.४१ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा २०७८।०३।१० गते रु.५६ करोड १९ लाख ६८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।०३।१० मा पारित भएको छ।यसैगरी स्थानीय तह प्रमुखले २०७८।४।६ मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। | |
| ८ | | | **तलबी प्रतिवेदन पास नभएको**<br>निजामति सेवा ऐन, २०४९ को दफा ७ (ख) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० को मिति २०७६।५।१८ को पत्र अनुसार नेपाल सरकार माननिय मन्त्रि स्तरको निर्णय बमोजिम स्थानीय तहका कर्मचरी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने निर्देशन भएको र कार्यालयले तलवी प्रतिवेदन पास गर्नका लागि कोलेनिकामा पेश गरेको भएतापनि कोलेनिकाले पास गरेको देखिएन । यस वर्ष पालिकाले तलबी प्रतिवेदन पास नगरी वर्षभरीमा गाउँपालिकातर्फ रु.१ करोड ७५ लाख ४७ हजार खर्च र स्वास्थ्य शशर्तको २ करोड १९ लाख ८० खर्च गरेको देखियो । शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पास नगरी शिक्षा तर्फ रु.१३ करोड ५१ लाख ५७ हजार पारिश्रमिक रकम खर्च लेखेको छ । जिम्मेवार निकायले तलबी प्रतिवेदन पास गर्नेतर्फ ध्यान दिनुपर्छ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>४६७५००००</td><td>२६८२४८७१</td><td>११.६३</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२६८२९३०००</td><td>२३०५९५२६६</td><td>५०.९</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१३८५३६०००</td><td>९९०८३२७३</td><td>२१.८७</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>४४५४०००</td><td>३८१७८९२</td><td>०.८४</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१०३९३५०००</td><td>९२६५७०६७</td><td>१४.८५</td></tr>
<tr><td>जम्मा</td><td>५६१९६८०००</td><td>४५२९७८३७०</td><td>१००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>चौमासिक पुँजिगत खर्चको स्थिति<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कूल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td></td><td>विभिन्न</td><td>१५१४६८</td><td>१४०८३</td><td>३२७४२</td><td>१०४६४३</td><td>५८३१२</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>९.३०</td><td>२१.६२</td><td>६९.०८</td><td>३८.५०</td></tr>
</table>
उपरोक्त विवरण अनुसार बिभिन्न व.उ.शी.नं. मा यस वर्ष रु.१५ करोड १४ लाख ६८ हजार खर्च भएको मध्ये तेस्रो चौमासिकमा मात्र ६९.०८ प्रतिशत र आषाढमा ३८.५० प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर गर्ने स्थिति रहन्छ । तसर्थ आर्थिक वर्षको अन्ततिर मात्र अत्यधिक खर्च गर्ने प्रबृत्तिमा नियन्त्रण तथा सुधार हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>
योजना र कार्यान्वयन<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्ः
<table>
<tr><th>सि न</th><th>विवरण</th><th>योजना संख्या</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>१ लाख भन्दा कमको योजना</td><td>३४</td><td>२६६३६६१</td></tr>
<tr><td>२</td><td>१ लाख देखि पाँच लाख सम्मका योजना</td><td>१९५</td><td>४८७०७७५</td></tr>
<tr><td>३</td><td>५ लाख देखि १० लाख सम्मका योजना</td><td>१६</td><td>११०७९६१९</td></tr>
<tr><td>४</td><td>१० लाख एक देखि ५० लाख सम्मा योजना</td><td>२०</td><td>३७१०६०५२</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथिका योजनाहरु</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२६५</td><td>९९५५७०८५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>सेवा प्रवाह</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष नागरिकता सिफारिस ९२३, घरबाटो सिफारिस १७८, घर जग्गा सिफारिस १४५, विवाह २९०, सम्बन्ध विच्छेद ३०, जन्म तथा मृत्यु दर्ता १४७७, वसाईसराई १२९ तथा अन्य दर्ता ५८०४ दर्ता गरेको विपरण पेश गरेको छ । अन्य दर्ता तथा सिफारिस सम्वन्धमा व्यवस्थित अभिलेख राखेको पाइएन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। | |
| १३ | | | **कानून निर्माण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४ वटा ऐन, १ वटा नियमावली, ८ कार्यविधि लगायत १७ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले १७ वटा कानूनहरु निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १४ | | | **स्थानीय न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १६ रहेकोमा यो बर्ष १ मुद्दा दर्ता भएकोमा ३ फछ्यौट भई बाँकी १४ भएको पालिकाबाट प्राप्त विवरणमा उल्लेख भएको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी प्रभावकारी ढंगबाट न्याय सम्पादन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| १५ | | | **कर्मचारी दरबन्दी र पदपुर्तिको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३१ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार ३० पदहरु रिक्त रहेका छन् । पालिकाले रिक्त दरबन्दि पदपुर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **दरबन्दी बाहिरको करार सेवा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४३ जना कर्मचारीहरु पालिकामा करारमा राखी रु.२९१७३१८ खर्च लेखेको छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले देहायबमोजिममा २ जना कार्मचारी दरबन्दी बाहिर राखि खर्च लेखेको देखिएकाले नियम सम्बत नदेखिएको रु. | ४८७,६०० |

| सि नं | कर्मचारीको नाम | पद | बार्षिक भुक्तानी रकम |
|---|---|---|---|
| १ | रेनुका घले | सामाजिक परिचालिका | १९५००० |
| २ | रेखा गुरुङ | ल्याब टेक्निसियन | २९२६०० |
| | जम्मा | | ४८७६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **अनुगमन तथा भ्रमण खर्च**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.३० लाख ६५ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। यसमा सुधार गर्नुपर्ने देखिन्छ। | |
| १८ | | | **विविध तथा खाना खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष पालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्था समेतमा विविधतर्फ मात्र रु.४० लाख६४ हजार खर्च गरेको छ । पालिकाले बैठक तथा अन्य क्रियाकलाप सँचालनार्थ बिबिध खर्च लेख्दा उपस्थिति सँख्या, कार्यक्रमको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पुष्ट्याई लगायतका बिबरण तथा बैठक तथा कार्यक्रम सँचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्दछ । पालिकाले बिबिध बैठक तथा कार्यक्रम सँचालनार्थ खर्च भएको उल्लेख गरी खर्चको पुष्ट्याई बेगर केबल बिल भरपाई मात्र सँलग्न गरी बिबिध शीर्षकबाट खाजाखाना बापतको खर्च लेखेको छ । यसरी खर्च लेखेबाट बास्तबिक रुपमा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । प्रयोजन बेगर खर्च लेखेको उदाहरण देहायबमोजिम रहेका छनः | |

| भौचर नं/मिति | भुक्तानी पाउने | खर्च विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २०।०७८।६।१२ | पाण्डे खाजा घर | खाजा खाना विल भुक्तानी | १०४२९० |
| १९०।०७८।१०।१२ | पाण्डे खाजा घर | खाजा खाना विल भुक्तानी | ७०१७० |
| १८९।०७८।१०।११ | जय कोशिस किराना पसल | किराना सामाग | १०९०६० |
| २०१।०७८।१०।१२ | न्यू दोर्दी किसेदी होटल एण्ड रेष्टुरेन्ट | खाजा खाना विल भुक्तानी | १७०२७५ |
| १८६।०७८।१०।११ | ए वान रेष्टुरेन्ट एण्ड लज | खाजा खाना विल भुक्तानी | ६०५४५ |
| २३०।०७८।१२।२४ | ए वान रेष्टुरेन्ट एण्ड लज | खाजा खाना विल भुक्तानी | ५४४५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **आनुदान फिर्ता नभएको**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण बाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई संघीय शशर्तको बाँकी रु. ४०४२०९४४।३४ भएकोमा पालिकाले रु ३७०९८९२४।३४ फिर्ता गरेकाले बाँकी रु.३३२२०२० र संघीय विशेष अनुदानको रु.८९६४१० गरी कुल रु.४२१८४३० संघीय राजस्व खातामा फिर्ता गर्नुपर्ने रु. | ४२१८४३० |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २६०२५८४३० | २१९८३७४८५।६६ | ४०४२०९४४।३४ |
| | विषेश | १९९३००९३ | १९०३३६८३ | ८९६४१० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>फिर्ता गर्नुपर्ने रकम</td><td>४१३१७३५४.३४</td></tr>
<tr><td>फिर्ता गरेको रकम</td><td>३७०९८९२४.३४</td></tr>
<tr><td>फिर्ता गर्न बाँकी</td><td>४२१८४३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
आर्थिक सहायता<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस सामाजिक सुरक्षा र उद्दार राहत तथा पुनस्थापना खर्च भनी रु. २ लाख ७० वितरण गरेका छ। । केही गोश्वारा भौचरको नमूना छनौट गर्दा कार्यालयले विभिन्न व्यक्ति तथा संस्थालाई आर्थिक सहायता वितरण गरेको छ । कार्यालयले आर्थिक सहायता वितरणको मापदण्ड र कार्यविधि तर्जूमा नगरी वितरण कार्य गरेकोले यस्ता प्रकारका खर्चहरु नियन्त्रण हुनुपर्दछ । केही उदाहरणहरुः
<table>
<tr><th>भौ नं /मिति</th><th>सहायता प्राप्त गर्ने व्यक्ति संस्था</th><th>सहायता रकम</th></tr>
<tr><td>५०३।०७९।३।१९</td><td>राष्ट्रसेवक कर्मचारी मञ्च</td><td>१००००</td></tr>
<tr><td>१५७।०७८।९।१३</td><td>भक्ति आदर्श बहुमुखी क्याम्पस</td><td>१५००००</td></tr>
<tr><td>३८४।०७९।२।१३</td><td>सरस्वती युवा क्लब</td><td>४००००</td></tr>
<tr><td>२११।०७८।१०।२३</td><td>लुकेको खबर प्रा लि</td><td>२००००</td></tr>
<tr><td>३१४।०७८।१२।२८</td><td>त्रिवेणी यूवा क्लब</td><td>७५०००</td></tr>
<tr><td>३६७।०७९।१।१९</td><td>शान्ति मिलन युव क्लब</td><td>६००००</td></tr>
<tr><td>३७०।०७९।१।१९</td><td>साँदिखोला युवा क्लब</td><td>५००००</td></tr>
<tr><td>४२४।०७९।३।१</td><td>नेपाल निजामति कर्मचारी युनियन</td><td>१००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>अनुत्पादक तथा वितरणमुखी खर्च</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.९०४८०० खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>जन विकास प्रा वि</td><td>विद्यार्थीको पोशाक खरिद</td><td>५००००</td></tr>
<tr><td>२</td><td>बराह मिलन आ वि</td><td>विद्यार्थीको पोशाक खरिद</td><td>१०००००</td></tr>
<tr><td>३</td><td>श्री मझाङ युवा खेलकुद कार्यक्रम उ स</td><td>खेलकुद कार्यक्रम</td><td>२०००००</td></tr>
<tr><td>४</td><td>मौलाकोट युवा क्लब खेलकुद प्रतियोगिता</td><td>खेलकुद कार्यक्रम</td><td>५००००</td></tr>
<tr><td>५</td><td>नेपाल अंग्रेजी भाषा शिक्षक संघ</td><td>प्राज्ञिक लेखन तालिम तथा कार्यशाला</td><td>३००००</td></tr>
<tr><td>६</td><td>तमु कल्याण युवा क्लब</td><td>चैते दशै मेला व्यवस्थापन</td><td>१५००००</td></tr>
<tr><td>७</td><td>जिल्ला खेलकुद विकास समिति</td><td>मिनी म्याराथुन डौड प्रतियोगिता</td><td>७५०००</td></tr>
<tr><td>८</td><td>सरस्वती युवा क्लब</td><td>खेलकुद कार्यक्रम</td><td>५००००</td></tr>
<tr><td>९</td><td>पिपल भञ्याङ युवा क्लब</td><td>खेलकुद कार्यक्रम</td><td>१९९८००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९०४८००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>आन्तरिक आय<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तीय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने, रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्ने , वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता राख्नुपर्ने व्यवस्था रहेकोमा सो कार्य नगरेको पाइयो ।रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिश दस्तुर, सम्पत्तिकर, मालपोत रजिष्टेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी यकिन गर्न सकिएन । पालिकाले यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **व्यवसाय कर**<br>स्थानीय सरकार संचलान ऐन,२०७४ को दफा ५८ मा आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुंजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था भएकोमा पालिकाले दर्ता तथा नविकरण गरेको रकम दाखिला सफ्टवयर लागू गरी प्रभावकारी रुपमा संचालन गरेको देखिएन । यस वर्ष व्यवसाय कर बापत रु ९८००० संकलन भई राजस्व दाखिला भएको छ । पशुपन्छि शाखाबाट प्राप्त विवरण अनुसार आ व २०७८।७९ सम्म ३४९ व्यवसाय दर्ता भएकोमा २०७८।७९ मा नयाँ दर्ता ५८ र व्यवसाय नविकरण ५२ वटाको जस्मा रु.५५००० राजस्व संकलन भएको देखिन्छ भने २३९ व्यवसाय नविकरण हुन बाँकी रहेका छन । सो नविकरण हुन बाँकी व्यवयायहरुबाट अनुमानित रु.११९५०० रकम संकलन हुन बाँकी रहेको देखिएकाले पालिकाले नविकरणमा ध्यान दिइ राजस्व संकलन गर्नुपर्ने देखिन्छ । | |
| २४ | | | **भवन नक्सा पास**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम पालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । पालिकामा यस वर्ष घर नक्सा पासको लागि ७ वटा घरहरु दर्ता भएको देखिन्छ । भने दर्ता भएका मध्ये १ घरहरुलाई निर्माण सम्पन्न प्रमाणपत्र दिइएको छ । भने ६ वटा पुरानो घर अभिलेखिकरण गरिएको छ । पालिकाले क्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी पालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ । | |
| ५४.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम जिल्ला स्थित सार्वजनिक कार्यालयले दर रेट निर्धारण समितिले निर्धारण गरेको दररेटलाई आधार लिई लागत अनुमान तयार गरी प्रतिस्पर्धा गराई खरिद गर्नुपर्ने व्यवस्था छ । लमजुङ जिल्ला दर रेट अनुसार २६ गेज सादा जस्तापाताको मूल्य प्रति बण्डल रु.९१२०.८ रहेकोमा भ्याट समेत प्रतिबण्डल रु.१०३०६.५० पर्नेमा पालिकाले लागत अनुमान तयार नगरी हाते कोटेशनको आधारमा प्रतिबण्डल रु.१२५०० का दरले ८० बण्डल लमजुङ हार्डवयर सेन्टर एण्ड सप्लायर्सबाट खरिद गरेको छ । यसरी प्रतिबण्डल रु.२१९३.५ का दरले ८० बण्डलको जिल्ला दररेट भन्दा बढी मूल्यमा कार्यालयले खरिद गरेको रकम असुल गर्नुपर्ने देखिएको रु. | १७५,४८० |
| ५४.२ | | | उपरोक्त खरिद गरिएका ८० वण्डल २६ गेज सादा जस्तापाताहरुमध्ये ७७ बण्डल मात्र वितरण भएको भरपाई पेश भएकाले बाँकी ३ वण्डलको वितरण भरपाई पेश गर्नुपर्ने रु. | ३०९१९.५ |
| ५५ | | | **छ्याङ्दी खोला मोटरेबल बाटो मर्मत**<br>छ्याङदी खोला मोटरेबल बाटो मर्मतको लागी रु ३९९९७४९।६२ को लागत अनुमान भइ अधिकारी कन्सट्रक्सन प्राली सुन्दरबजार लमजुङ संग रु २७०३३९२।९४ को २०७८।३।३० सम्मका लागी काम सम्पन्न गर्ने गरी सम्झौता गरेको देखिन्छ। सम्झौता बमोजिम निजले काम सम्पन्न गर्नुपर्नेमा अन्तिम बिल भुक्तानीको लागी २०७८।८।१४ मा ठेकेदारले निबेदन दिएको देखिन्छ । सम्झौता बमोजिमको कार्य गर्न नसकेकोमा नियमानुसार म्याद थप गरेको कागजात पेश नगरेकोले नियमानुसार सम्झौता अंक रु २७०३३९२।९४ को ढिला सम्पन्न गरेको दिन ७४ को ०.५ प्रतिशत प्रतिदिनको दरले हुने रु १०००२६ पुर्वनिर्धारित क्षतिपुर्ती असूल गर्नुपर्ने रु | १००,०२६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६</td><td></td><td></td><td>सोझै खरिद<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ३१(१) मा रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । बर्ष भरी आवश्यक पर्ने यस्ता सामानको खरिद प्याकेज बनाई आवश्यक परेको बखत आपूर्ती गर्नेगरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नु पर्नेमा सोझै खरिद गर्नु नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ.नं</th><th>खरिद विवरण</th><th>भुक्तानी पाउने</th><th>खरिद रकम</th></tr>
<tr><td>७४।०७८।७।२६</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>रुपा डेकोर्स</td><td>१३५७५०</td></tr>
<tr><td>७५।०७८।७।२०</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>पब्लिक छापाखाना</td><td>२२३०६२</td></tr>
<tr><td>१५५।०७८।९।२३</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>केडी इन्टरप्राईजेज</td><td>१७३४५५</td></tr>
<tr><td>१६७।०७८।९।१३</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>गुरु गणेश प्रिन्टिङ प्रेस</td><td>४९७२००</td></tr>
<tr><td>२७७।०७८।१२।१५</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>केडी इन्टरप्राइजेज</td><td>३८७५१०</td></tr>
<tr><td>५७०।०७९।३।२२</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>शुभ लाभ मेसिनरी एण्ड टुल्स एण्ड सप्लायर्स</td><td>१८३०६०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१६०००३७</td></tr>
</table></td><td>१६०००३७</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>सोलार तथा ग्याँस चुलो खरिद र जडानः<br>पालिकाले विभिन्न वडाहरुमा सोलार बत्ती तथा ग्याँस चुलो जडान गर्नका देहायबमोजिम विभिन्न सप्लायर्सबाट सोलारका विभिन्न सामाग्री खरिद गरेकोमा देहायबमोजिमको व्यहोरा देखिएको छ ।
<table>
<tr><th>भौचर नं</th><th>खरिद विवरण</th><th>सप्लायर्सको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१७२।०७८।९।२०</td><td>वडा नं ७, ८ र ९ का लागि सोलार जडान</td><td>सर्वोदय बायो इनर्जी कम्पनी प्रा लि</td><td>४९९४०८</td></tr>
<tr><td>२०९।०७८।१०।२१</td><td>सोलारको सामाग्री खरिद</td><td>पशुपति बायो ग्याँस तथा निर्माण कम्पनी प्रा लि</td><td>४९९४०८</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१७१।०७८।९।२०</td><td>वडा नं ४,५ र ६ मा सोलार बत्ती जडान</td><td>पशुपति बायो ग्याँस तथा निर्माण कम्पनी प्रा लि</td><td>४९०३६२</td></tr>
<tr><td>२१०।०७८।१०।२१</td><td>सुधारिएको रकेट चुलो ८५ वटा र हस्क पावर चुलो २३ वटा खरिद गरी वितरण</td><td>पशुपति बायो ग्याँस तथा निर्माण कम्पनी प्रा लि</td><td>४९९०००</td></tr>
<tr><td>३६३।०७९।१।१४</td><td>वडा नं ३ र ४ को १०८ जनालाई सुधारिएको चुलो तथा २० वटा बायो ग्याँस प्लान्ट खरिद गरि वितरण</td><td>पशुपति बायो ग्याँस तथा निर्माण कम्पनी प्रा लि</td><td>९८९९४७</td></tr>
<tr><td>३७५।०७९।१।१६</td><td>कार्यालयको लागि सोलार सामाग्री खरिद</td><td>मर्स्याङ्दी उर्जा प्रा लि</td><td>४९९७१०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३४७७८३५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम मालसमानको लागत अनुमान तयार गर्ने र नियम १२५ बमोजिम कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा पालिकाले लागत अनुमान नगरी पटक पटक सोलार खरिद गरी भुक्तानी गरेको देखियो । र सो सोलार सामाग्रीहरुको जिन्सी दाखिला र कार्यसम्पन्न प्रतिवेदन समेत नबनाएकोले खरिद गरीएको सामाग्रीहरु प्रयोग भए वा नभएको सन्दर्भमा एकीन हुन नसकेकाले भौचर नं १७२,२०९ र २७१ बाट खरिद गरिएका सोलार सामाग्रीहरुको जिन्सी दाखिला प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>१४८९१७८</td></tr>
<tr><td>५७.२</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ३१(१) मा रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले माथी उल्लेखित सामाग्रीहरुको प्याकेज बनाइ खरिद गर्नुपर्नेमा टुक्रा टुक्रा गरी विभिन्न पटक रु. ३४७७८३५ बराबरको सोलार तथा सुधारिएको चुलो खरिद गरिएको छ । यसरी टुक्रा पारी खरिद गरिएको रकम नियम सम्मत मान्न नसकिएको रु.</td><td>१९८८६५७</td></tr>
<tr><td>५७.३</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम सार्वजनिक निकायले आपूर्ति गरिएका मालसमान प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गर्नुपर्नेमा कार्यालयले गरेको देखिएन । साथै मेसिनरी सामाग्रीहरुमा वारेन्टी कार्ड लिइ खरिद गर्नुपर्नेमा नलिई खरिद गरेको देखिएकाले सामाग्री मर्मतमा पाउनुपर्ने सहुलियत गुम्ने देखिन्छ । पालिकाले यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>शिक्षक दरबन्दी पदपुर्ति विवरण</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
स्थानीय तह अन्तर्गत रहेका सामुदायिकविद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्थाहुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५२ सामुदायिक विद्यालयहरुकोशिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>विद्यालय</th><th>शिक्षक दरवन्दी</th><th>स्थायी पदपुर्ती</th><th>पदपुर्ती मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>५२</td><td>२५३</td><td>१३३</td><td>१९९</td><td>३४८०</td></tr>
</table>
यससम्बन्धमा निम्नानुसार देखिएको छ ।<br>
·५२ विद्यालयमा २५३ शिक्षक दरबन्दी रहेकोमा १३३ पदमा स्थायी पदपुर्ती भएको, १९९जना करारमा शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपुर्तीहुनुपर्दछ ।<br>
विद्यार्थीसंख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलानएंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।<br>
आवासिय छात्रवृत्तिको निकासा रकम र वितरण भिडान गरे नगरेको
</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>
शुन्य दरबन्दी शिक्षक अनुदान<br>
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.४० मा माध्यमिक तहक कक्षा(९-१०) र क्रियाकलाप नं २.७.१३.४१ मा आधारभुत तह कक्षा (६-८) का लागी कुनै पनि दरबन्दी वा राहत अनुदान नभएका ( शुन्य दरबदी ) र १ मात्र दरबन्दि वा राहत अनुदान भएका गणित, अङग्रेजी र विज्ञान बिषय शिक्षक व्यवस्थापनको लागी बजेट बिनियोजन गर्दा माध्यमिक तहको लागि प्रति शिक्षक मासिक रु ३५९९० र आधारभुत तहको लागी प्रति शिक्षक र २८२०० का दरले १२ महिनाको पारीश्रमिक अनुदान दिने व्यवस्था छ । पालिकाभित्रका ९ वटा विधालयहरुलाइ रु ३९०८०८० रकम निकासा भएकोमा ३ वटा माध्यमिक विधालयलाइ शिक्षक नियुक्ती नभएको समयको समेत हिसाब गरी रकम निकासा भएकोले उक्त निकासा रकम सम्बन्धित विधालयबाट फिर्ता गराइ राजश्व दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>सी.नं</th><th>विधालयको नाम</th><th>शिक्षक सङ्ख्या</th><th>तह</th><th>निकासा हुनुपर्ने</th><th>निकासा भएको</th><th>बढी निकासा</th></tr>
<tr><td>१</td><td>बालकल्याण मा.वि. फलेनि</td><td>२</td><td>माध्यमिक</td><td>४९१८६३</td><td>८६३७६०</td><td>३७१८९७</td></tr>
<tr><td>२</td><td>चैतन्यद्धोय मा.वि. नौथर</td><td>२</td><td>माध्यमिक</td><td>४०५४८७</td><td>८६३७६०</td><td>४५८२७३</td></tr>
</table>
</td><td>११५४०८०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>जयदेवि मा.वि. बन्सार</td><td>२</td><td>माध्यमिक</td><td>५३९८५०</td><td>८६३७६०</td><td>३२३७१०</td></tr>
<tr><td></td><td colspan="5">जम्मा</td><td>११५४०८०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>सामुदायिक सिकाइ केन्द्र स्थापना<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.११ बमोजिम स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा संचालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको स्थलगत निरिक्षण गरी तोकिएको मापदण्ड पुरा गरेका केन्द्रहरुलाइ एकमुष्ठ रु २ लाख रकम अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाभित्र संचालनमा रहेका पाचोक प्रगतिशिल सामुदायीक सिकाइ केन्द्र र रत्नज्योती सामुदायीक सिकाइ केन्द्रको खर्च बापत भौ.नं २५०।२०७९।३।२१ बाट रु. ४००००० निकासा भएकोमा लेखापरीक्षणको क्रममा खर्चको प्रयोजन तथा खर्च पुष्टि हुने कागजात पेश नभएकोले खर्च पुष्टि हुने कागजात पेश गर्नुपर्ने रु.</td><td>४००,०००</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण<br>कार्यक्रम कार्यान्वयन पुस्तिका क्रियाकलाप नं २.७.११.१० मा विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण गर्नका लागि आधारभूत विद्यालयलाई प्रतिविद्यालय रु.१०००० र माध्यमिक विद्यालयकालई प्रति विद्यालय रु.१५००० का दरले र विद्यालयहरुलाई विद्यालय सुधार योजनाका लागि माध्यामिक तहलाई रु.२०००० र आधारभूत तहलाई रु.१५००० का दरले अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । ५२ वटा विद्यालयहरुलाई विद्यालय सुधार योजना निर्माणको लागि रु ८२५००० र ५२ वटा विद्यालयलाई सामाजिक लेखापरीक्षणको लागि रु.५६५००० निकासा भएकोमा लेखापरीक्षणको क्रममा विद्यालय सुधार योजना र सामाजिक लेखापरीक्षणको प्रतिवेदन पेश नभएकाले प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>१३९००००</td></tr>
<tr><td>६२</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम<br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ बमोजिम कार्यक्रमका लागि छनोट भएका शैक्षिक संस्थाहरुलाइ कार्यक्रम संचालन गर्न केन्द्रबाट स्थानिय तह मार्फत अनुदान उपलब्ध गराउने र कार्यक्रम कार्यन्वयन गर्ने सार्वजनिक शैक्षिक सँस्थाले तोकिएको ढाँचामा कार्यप्रतिबेदन तयार गरि स्थानिय तहमा बुझाउनुपर्ने व्यवस्था छ । ३ वटा विधालयलाइ कार्यक्रम संचालनको लागि रु. १९५०००० निकासा भएकोमा लेखापरीक्षणको क्रममा प्रतिबेदन पेश नभएकोले प्रतिबेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><td>सि.नं</td><td>विधालयको नाम</td><td>अनुदान रकम</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>अलैचें केदार प्रावी अर्चलबोट</td><td>६५००००</td><td>ICT Lab निर्माण</td></tr>
</table>
</td><td>१९५००००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>लक्ष्मी नारायण मावि अर्चलबोट</td><td>६५००००</td><td>ICT Lab निर्माण</td></tr>
<tr><td>३</td><td>सुर्यदय मावि भारते</td><td>६५००००</td><td>ICT Lab निर्माण</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१९५००००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>
सिकाइ सुदृढीकरण अनुदान<br>
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ बमोजिम शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहनको लागी उल्लेखित शर्तहरुको आधारमा छनोट भएका विधालयहरुलाइ स्वीकृत बजेटको परिधिभित्र रही निर्धारित दररेट अनुसार अनुदान दिने तथा अनुदान प्राप्त विधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यान्वयन गरे नगरेको पालिकाले नियमित रुपमा अनुगमन गरी सो को प्रतिबेदन जारी गर्नुपर्ने व्यवस्था छ । ३ वटा विधालयलाइ सिकाइ सुदृढिकरण एवं कार्य सम्पादन बापतको प्रोत्साहनको लागि रु. १९५०००० निकासा भएकोमा लेखापरीक्षणको क्रममा प्रतिबेदन पेश नभएकोले प्रतिबेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं</th><th>बिधालयको नाम</th><th>अनुदान रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>श्री लक्ष्मी माध्यमिक विधालय</td><td>६५००००</td><td>विज्ञान प्रयोगशाला</td></tr>
<tr><td>२</td><td>श्री जयदेवि माध्यमिक विधालय</td><td>६५००००</td><td>पुस्तकालय</td></tr>
<tr><td>३</td><td>श्री पाचोक माध्यमिक विधालय</td><td>६५००००</td><td>विज्ञान प्रयोगशाला ICT Lab</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१९५००००</td><td></td></tr>
</table>
</td><td>१९५००००</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>
विद्यालय भवन निर्माण अनुदान<br>
सार्वजनिक खरिद नियमावलीको नियम १२५ बमोजिम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । देहायबमोजिम भौचर र मितिबाट विद्यालयहरुलाई राष्ट्रपति शैक्षिक सुधारको रकम विद्यालयको खातामा निकासा गरी पालिकाले रकम रोक्का गरी राखेको तर कार्यसम्पन्न प्रतिवेदन पेश नभएकाले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर नं/मिति</th><th>विद्यालयको नाम</th><th>प्रयोजन</th><th>निकासा रकम</th></tr>
<tr><td>९९।०७९।३।२२</td><td>चैतन्योदय सत्य मा वि</td><td>४ कोठे भवन निर्माण</td><td>३६०००००</td></tr>
</table>
</td><td>५४०००००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९३।०७९।३।२१</td><td>सरस्वती मोहन आधारभूत विद्यालय</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५४०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>सेनेटरी प्याड खरिद<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.३ बमोजिम कक्षा ६ देखि १२ सम्मका सबै छात्राहरुलाई निशुल्क वार्षिक १० महिनाको लागि सेनेटरी प्याड वितरण गर्ने व्यवस्था गरेको छ । सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले कोटेशनबाट १२६०० प्याकेट सेनिटरीप्याड खरिद गरी गो.भौ.नं.१८१।०७९।३।१ बाट वाइज मल्टीप्रपोज प्रा.ली. लाइ रु.८६३१०७ भुक्तानी गरेको छ ।खरिद कार्यका लागी कोटेशन माग गर्दा स्पेशिफिकेसन नखुलाइ माग गरेको तथा छात्राहरुको स्वास्थ्य तथा सरसफाईसँग जोडिएको यस्तो खरिद कार्य आर्थिक वर्षको सुरुमा गरी समयमै वितरणको व्यवस्था मिलाउनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा खरिद गरेको देखिन्छ । कक्षा ६ देखि १२ सम्मका छात्रा र ६ कक्षा भन्दा तल्लो कक्षामा माग भए बमोजिम विद्यार्थी संख्या विद्यालयसंग माग गरी सोही संख्याको आधारमा खरिद गर्नुपर्नेमा सो गरेको पाइएन । पालिकाले सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने, तोकिएअनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखे नराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ। सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधी २०७६ को दफा ३१ अनुसार विद्यालयले चौमासिक रुपमा कार्यक्रम कार्यान्वयनको चौमासिक विवरण स्थानीय तह र समाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेमा पठाएको देखिएन । यसतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>मू अ कर बढी भुक्तानी<br>कार्यालयले बजेट खर्च गर्दा रितपुर्वकको प्रमाणित बिल भर्पाइको आधारमा खर्च गर्नुपर्दछ । निम्नानुसारका स्वास्थ चौकीहरुको विल भुक्तानी गर्दा मु.अ.कर बिजकमा बढी मु.अ.कर रकम जोडी निर्माण व्यवसायीलाइ विल जारी गरेको अवस्थामा भुक्तानी गरेकोले नपाउने मु.अ.कर रकम सम्बन्धित निर्माण व्यावसायीबाट असूल उपर गर्नुपर्ने रु
<table>
<tr><th>सी.नं</th><th>स्वास्थ चौकी</th><th>निर्माण व्यावसायी</th><th>दिनुपर्ने मु.अ.कर</th><th>दिएको मु.अ.कर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>ढोडेनी स्वास्थ चौकी</td><td>भैरव शुभारम्भ जे.भी</td><td>२८२७५०</td><td>३२५०००</td><td>४२२५०</td></tr>
<tr><td>२</td><td>फलेनी स्वास्थ चौकी</td><td>भैरव शुभारम्भ जे.भी</td><td>२८२७५०</td><td>३२५०००</td><td>४२२५०</td></tr>
</table>
</td><td>८४,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | ५६५५०० | ६५०००० | ८४५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **स्वास्थ्य चौकीको वित्तीय प्रगति स्थिति** स्विकृत बार्षिक कार्यक्रमअनुसार सवहि आ.व. मा सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएका योजना तथा कार्यक्रमहरु सम्पन्न गरी बजेट खर्चको प्रतिफल लक्षित वर्ग सम्म पुर्याउनु पर्दछ । स्वास्थ चौकीहरुको लागत अनुमान एवं खर्चको स्थिति निम्न बमोजिम रहेको छ । | |

| सि.नं | स्वास्थ चौकीको नाम | सम्झौता रकम | प्राविधिक बिल अनुसार खर्च रकम | खर्च प्रतिशत | काम सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|
| १ | ढोडेनी स्वास्थ चौकी | ७७४३३८५ | ३००५५७० | ३८.८१ | २०७८।२।३० |
| २ | फलेनी स्वास्थ चौकी | ७८२६७७२ | ३४९६७५८ | ४४.६७ | २०७८।२।३० |
| ३ | पाचोक स्वास्थ चौकी | ७८९७५६९ | ३८०१०३१ | ४८.१३ | २०७८।२।३० |
| ४ | श्री भञ्ज्याङ स्वास्थ चौकी | ७८९७७३८ | ४०१९७५८ | ५०.८९ | २०७८।२।३० |
| | जम्मा | ३१३६५४३७ | १४३२३११७ | ४५.६६ | |

उपरोक्त अनुसारका स्वास्थ चौकीहरु सम्झौता बमोजिम २०७८।२।३० सम्ममा निर्माण सम्पन्न गरी सक्नु पर्नेमा सम्झौता रकमको ३८.८1 प्रतिशत देखि ५०.८९ प्रतिशत सम्म मात्र खर्च गरेको प्राविधिक बिल अनुसार भइ ४ वटै चौकीको ४५.६६ प्रतिशत मात्र वित्तिय खर्च ( प्राविधिक बिल अनुसार) गरेबाट निर्माण व्यवसायीले काममा ढिलो गरेको देखिन्छ। भने कार्यालयले पनि कार्यतालिका बमोजिम काम सम्पन्न गराउन नसकेको देखयो । तसर्थ ठेक्काको निर्माण सम्पन्न गर्नुपर्ने म्याद समाप्त भैसकेकोमा नियमानुसार म्याद थिप गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिएको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **मू अ कर कट्टा नगरेको** मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम(६ग) बमोजिम सार्वजनिक निकायले मु.अ.कर बापतको रकम भुक्तानी गर्दा ३० प्रतिशत मु.अ.कर कार्यालयले कट्टा गरी बाँकि मु.अ.कर आपर्तिकर्ता वा निर्माण व्यवसायीलाइ भुक्तानी गर्नुपर्ने उल्लेख छ।निम्नानुसारका स्वास्थ चौकी निर्माण गर्न निर्माण व्यावसायीलाइ रकम भुक्तानी गर्दा ३० प्रतिशत मु.अ.कर कट्टा नगरेकोले मु.अ.कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असूल गर्नुपर्ने रु | १७२,५६६ |

| सी.नं | स्वास्थ चौकी | निर्माण व्यवसायी | मु.अ.कर सहित बिल रकम | ३० प्रतिशत मु.अ.कर रकम |
|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | |
|---|---|---|---|---|
| १ | पाचोक स्वास्थ चौकी | माता बाराही इन्जिनियरीङ | २५००००० | ८६२८३ |
| २ | श्री भञ्जयाङ स्वास्थ चौकी | माता बाराही इन्जिनियरीङ | २५००००० | ८६२८३ |
| | जम्मा | | | १७२५६६ |

</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>हात्तीपाइले औषधी सेवन कार्यक्रम<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी भएको आर्थीक वर्ष २०७७।७८ मा शर्शत अनुदानतर्फ स्थानीय तहवाट कार्यान्वयन गरीने स्वास्थ्य तथा जनसंख्य सम्वन्धी कार्यक्रमहरुको लागी सञ्चालन मार्गदर्शनको इपिडिमियोलोजी तथा रोग नियन्त्रण कार्यक्रमको क्रियाकलाप नं २.७.२२.७० को कार्यक्रम नं (ट) मा पालिका स्तरमा प्रतिस्वास्थ्यकर्मी प्रतिदिन १४० जना जनसंख्यालाई औषधी सेवन गराउने र सोही अनुपातमा स्वास्थ्य स्वयंसेविका समेत परिचालन हुने गरी वजेट व्यवस्थापन गरिएकोमा पालिकाभित्र १३९५७ जनसंख्यालाई औषधी सेवन गराउन नर्म्स अनुसार ५० जना स्वास्थ्यकर्मी र सोही अनुपातमा महिला स्वास्थ्य स्वयंसेविका परिचालन गर्नुपर्नेमा बढी संख्यामा स्वास्थ्यकर्मी र महिला स्वयंमसेविका परिचालन गरी स्वास्थ्यकर्मीलाई रु.७००।०० र महिला स्वयमसेविकालाई रु ६०० का दरले खाजा तथा भत्ताको रकम वितरण गर्दा वढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु.</td><td>२६,९०३</td></tr>
<tr><td>७०</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सिढि निर्माण तथा वाटो सोलिङ सिञ्चाई कुलो निर्माण लगायतका निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३४० जनालाई रोजगारी उपलव्ध गराई अधिकतम १०० दिनको श्रमिकको पारिश्रमिकमा रु. ५३ लाख ७ हजार खर्च गरेको छ । अन्य व्यवस्थापनमा रु.१३ लाख ३५ हजार खर्च गरेको छ । लक्षित वर्गलाई न्युनतम २७ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>दोर्दी कृषि फर्म<br>सम्झौताको पालना गर्नु करारीय दायित्व हो । भौचर नं २५९।०७९।३।२२ बाट दोर्दी फार्मलाई रु.३५५४६९ भुक्तानी भएकोमा साना सिंचाई पाइप खरिद संरचना निर्माण विउ विजन खरिद लगाएतको कार्य गर्नका लागि कुल लागत अनुमान रु.७६६८०० तयार गरि कार्यालयले</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.४०९६५० व्यहोर्ने र बाँकी रु.३५७१५० कृषि संस्थाले व्यहोर्ने गरी मिति २०७९।३।८ मा सम्झौता भएको देखिन्छ । जसमा संरचना निर्माणको रु.३३९७१३ को कार्य संस्थाले गरेको देखिएन । बाँकी कार्य गरेको मध्ये सम्झौतामा उल्लेख भए अनुसार सिंचाइ पाइप खरिद रु.७४००० मा ८५% र अन्य रु.५४४८३० मा ५० प्रतिशत गरी कुल रु.३४३८१५ भुक्तानी दिनुपर्नेमा रु.३५५४६९ भुक्तानी भएकाले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु. | ११,६५४ |
| ७२ | | | **मौरिघार वितरणको छनौटको आधार**<br>१३।०७९।३।२२ बाट गहते अर्गानिक मौरि पालन उधोग लमजुङको बिलअनुसार ७५ प्रतिशत अनुदानमा मौरी सहितको घार १२५ थान प्रति थान ९५०० का दरले खरिद गरि वितरण गरेको देखिन्छ । १२५ जना मौरिपालक किसानहरुलाइ वितरण गरेकोमा कृषक छनौटको आधार बेगर खरिद गरी वितरण गरेको रु. | ८९०,६२५ |
| ७३ | | | **बैंकले फिर्ता गर्न बाँकी सामाजिक सुरक्षा भत्ता रकम**<br>सामाजिक सुरक्षा भत्ता वितरण बैंक मार्फत गर्नुपर्ने निर्देशिकामा उल्लेख छ । मिति २०७९।५।५ गतेको Global IME Bank को पत्रानुसार पालिकाले २०७८ सालको चारै त्रैमासिकमा बैंकलाई निकासा दिएको रकममध्ये बैंकले दोहोरो नाम परेका लाभग्राहीहरुको रकम Dummy Account वनाएर राखेकोमा पालिकाले यथासम्भव छिटो यसको निर्क्यौल गर्नुपर्ने देखिन्छ। बैंकले उपलव्ध गराएको पत्रानुसारको विवरण यसप्रकार छ।<br>Forward Feed को विवरण | |

| किस्ता | Forward Feed को रकम | बैंकले प्राप्त गरेको रकम | फरक |
|---|---|---|---|
| प्रथम किस्ता | २७५९२३७२ | २७५८८३७२ | (४०००) |
| दोश्रो किस्ता | २७७९६६१५ | २७७९५२७५ | (१३४०) |
| तेश्रो किस्ता | २७८५४१८२ | २७८५४१८२ | ० |
| चौथो किस्ता | २७९९६७८१ | २७९१०७८१ | (८६०२५) |
| जम्मा | १११२३९९५० | १११४८५६० | (९१३९०) |

Reverse Feed को विवरण

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>किस्ता</td><td>Reverse Feed को रकम</td><td>दोहोरो नाम परेका खाताको रकम</td><td>लगत कट्टा</td></tr>
<tr><td>प्रथम किस्ता</td><td>२७२६६५७८</td><td>३२५७९४</td><td>३७२४६</td></tr>
<tr><td>दोश्रो किस्ता</td><td>२७४१९३१२</td><td>३७७३०३</td><td>२३२६६</td></tr>
<tr><td>तेश्रो किस्ता</td><td>२७३८९६२२</td><td>४६४५६०</td><td>८७२१</td></tr>
<tr><td>चौथो किस्ता</td><td>२७५७६८०८</td><td>४१९९७३</td><td>२९३५०</td></tr>
<tr><td>जम्मा</td><td>१०९६५२३२०</td><td>१५८७६३०</td><td>९८५८३</td></tr>
</table>
बैंकले च नं ११/२०७९/०८० मिति २०७९/५/५ मा पठाएको पत्रानुसार पालिकालाई फिर्ता गर्नुपर्ने रकम रु. १५९४८२३ यथासिघ्र बैंकले फिर्ता गरी गराइ सँघिय संचित कोष दाखिला गर्नुपर्ने रु .
</td><td>१५९४८२३</td></tr>
<tr><td>७४</td><td></td><td></td><td>
बढी सामाजिक सुरक्षा भत्ता निकासा भएको<br>
सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेको पाइयो । तसर्थ पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी निम्नानुसार बढी खर्च लेखेको रकम असुल हुनुपर्ने रु.
<table>
<tr><td>क्र.स</td><td>लाभग्राहिको नाम</td><td>वडा नं</td><td>मृत्यु भएको मिति</td><td>बढी भुक्तानी भएको रकम</td><td>नागरिकता नं</td></tr>
<tr><td>१</td><td>देव कुमारी लामिछाने</td><td>१</td><td>२०७८।५।३१</td><td>४०००</td><td>६९८९</td></tr>
<tr><td>२</td><td>वाटुली तामाङ</td><td>४</td><td>२०७८।६।२१</td><td>११८००</td><td>११८०</td></tr>
<tr><td>३</td><td>साउनी सार्की</td><td>४</td><td>२०७८।६।२९</td><td>३६०००</td><td>१६३३</td></tr>
<tr><td>४</td><td>विन माया गुरुङ</td><td>५</td><td>२०७८।११।३०</td><td>८०००</td><td>३६७</td></tr>
</table>
</td><td>१६५,३४५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>सुकमाया तामाङ</td><td>५</td><td>२०७८।१०।२९</td><td>४०००</td><td>१८८५</td></tr>
<tr><td>६</td><td>जित बहादुर गुरुङ</td><td>५</td><td>२०७८।२।३</td><td>४८०००</td><td>१०५</td></tr>
<tr><td>७</td><td>रख माया थापा मगर</td><td>८</td><td>२०७८।५।३१</td><td>४०००</td><td>१३६२</td></tr>
<tr><td>८</td><td>काले गुरुङ</td><td>८</td><td>२०७८।८।२८</td><td>४२६६</td><td>४४९४</td></tr>
<tr><td>९</td><td>मिनमाया घले</td><td>९</td><td>२०७८।५।२८</td><td>४०२६७</td><td>१२६२</td></tr>
<tr><td>१०</td><td>जंगे कामी</td><td>९</td><td>२०७८।६।१९</td><td>१४६६</td><td>१३१०</td></tr>
<tr><td>११</td><td>डिल बहादुर कामी</td><td>९</td><td>२०७८।११।२०</td><td>३५४६</td><td></td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१६५३४५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>सामाजिक सुरक्षा<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ५ को खण्ड क मा ज्येष्ठ नागरिकले आफ्नो उमेर पुग्ने मिति उल्लेख गरी आगामी आर्थिक बर्षको लागि यस आब मा नै तोकिएको म्यादभित्र दरखास्त दिनुपर्नेछ एवं दफा ६ को उपदफा (१) को खण्ड क मा आगामी आ.ब. को फाल्गुन मसान्तभित्र उमेर पुग्ने ज्येष्ठ नागरिकहरुले आगामी आ.ब.मा उमेर पुग्ने मिति उल्लेख गरी प्रत्येक आर्थिक बर्षको श्रावण १ गतेदेखि पुष मसान्तभित्र नाम दर्ताको लागि दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा नमुना छनौटका रुपमा ४ वटा वडाको श्रेस्ता परीक्षण गर्दा अधिकांश लाभग्राहीहरुले समयावधिभित्र नाम दर्ता गराएको पाइएन साथै फोटो सहितको मृत्यु दर्ता Resister पनि पालिकामा व्यवस्थित गरेर राखेको नपाईएकोले पालिकाले कार्यविधिको पालना गर्नेतर्फ ध्यान दिनुपर्छ ।</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>सामुदायिक वनको आय<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायीक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्वन्धी वार्षिक कर्यायोजना वनाई सम्वन्धित तहवाट स्वीकृत गराउनुपर्ने र सामुदायिक वनले वन पैदावारको विक्रि वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था छ । जिल्ला वन कार्यालयवाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत देहायका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि गरेकोमा उक्त रकमको १० प्रतिशतले हुने रकम यस पालिकामा वुझाउनुपर्नेमा वुझाएको छैन भने उक्त रकम उठाउन स्थानीय तहले कुनै पहल समेत गरेको देखिएन । उक्त रकम असुल गर्नुपर्ने रु.</td><td>१२०,७०९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि नं</td><td>सामुदायिक वनको नाम</td><td>ठेगाना</td><td>सावउसको आम्दानी (सकार रकम र संकलन खर्च)</td><td>मु.अ.कर</td><td>स्थानीय तहलाई बुझाउनुपर्ने १० प्रतिशत रकम</td></tr>
<tr><td>१</td><td>जुगेपानी</td><td>दोर्दी-१</td><td>३६४५८७</td><td>४७४००</td><td>३६४५९</td></tr>
<tr><td>२</td><td>सिङ्लीगाउँ</td><td>दोर्दी-७</td><td>८४२५००</td><td>१०९५२०</td><td>८४२५०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१२०७०८७</td><td>१५६९२०</td><td>१२०७०९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>जिन्सी सामाग्रीको हस्तान्त्रण<br>कामाक्ष फर्निचर एण्ड फर्निसिङ सेन्टरबाट देहायका सामानहरु खरिद गरी वडा कार्यालय तथा स्वास्थ चौकिको लागि भौ. नं २४४।०७९।३।१६ बाट रु ६१४३८१ भुक्तानी गरेकोमा उक्त सामान हस्तान्तरण गरी वडा कार्यालयमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><td>सी.नं</td><td>समानको नाम</td><td></td><td>रकम</td></tr>
<tr><td>१</td><td>अफिस दराज, अफिस टेबलर बोस कुर्चीं</td><td>वडा नं ९,८,७,६,५,४.३.२र १ का वडा अध्यक्षलाइ १।१ थान</td><td>५६४४३५</td></tr>
<tr><td>२</td><td>अफिस दराज, अफिस टेबलर बोस कुर्चीं</td><td>अर्चलबोट स्वास्थ चौकी अनमी ए.लि.ना. बोहोरा</td><td>४९९४६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>६१४३८१</td></tr>
</table>
</td><td>६१४,३८१</td></tr>
<tr><td>७८</td><td></td><td></td><td>फरक भौगोलिक क्षेत्रमा कार्य<br>स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ३ बमोजिम गाँउपालिका सिमाना तथा भौगोलिक क्षेत्र निर्धारण गरिने उल्लेख छ । पालिकाले पुर्वाधार निर्माण तथा बार्षिक कार्यक्रमहरु आफ्नो भौगोलिक क्षेत्रभित्र संचालन गर्नुपर्दछ । भौ.नं २४७ मिति २०७९।३।१९ बाट मानव सेवा आश्रमको भवन निर्माणको लागि रु १० लाख बजेट व्यवस्था गरेको देखिन्छ ।बेशिसहर नगरपालिका वडा नं ९ मा उक्त भवन निर्माण गरी रु १० लाख खर्च गरेकोमा फरक भौगोलिक क्षेत्रमा खर्च गर्ने गरी बजेट व्यवस्था गर्नु एवं खर्च गर्नु स्थानिय सरकार संचालन ऐन विपरित देखिएको रु</td><td>१००००००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७९</td><td></td><td></td><td>परामर्श सेवा खरिद<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्चको प्रमाण सहितको लेखा राखुपर्ने व्यवस्था छ । देहायबमोजिम परामर्श खरिदको प्रतिवेदन पेश नभएकाले प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>भौचर नं</th><th>खरिद विवरण</th><th>परामर्शदाता</th><th>भुक्तानी</th></tr>
<tr><td>९८।०७८।८।१७</td><td>दोर्दी खोला मोटरेवल पुल (छोटे खोला मझुवा)को डि पि आर</td><td>गोल्डेन होम इन्जिनियरीङ सोलुसन प्रा लि</td><td>९९९९००</td></tr>
<tr><td>१६८।०७८।९।२०</td><td>दोर्दी नदीको व्यारेक घाट, हिले घाट र भन्सार पुलको वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन निर्माण</td><td>समृद्ध नेपाल इन्जिनियरीङ्ग सर्भिसेज एण्ड रिसर्च सेन्टर प्रा लि</td><td>२९९४५०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१२९९३५०</td></tr>
</table></td><td>१२९९३५०</td></tr>
<tr><td>८०</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ बमोजिम आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले आन्तरिक लेखापरीक्षणले औंल्याएका देहायबमोजिमका बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट नगरेकाले असुल फछ्र्यौट गर्नु्पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८०.१</td><td></td><td></td><td>फोटोकपि विलः भौ.नं. ३५८ र मिति २०७९।०१।०९ मा यस पालिकाले अन्जन कुमार हिमालीलाई सूचना प्रकाशन गरेबापत रु. १८९१० रुपैया भुक्तानी दिएकोमा फोटोकपि विल प्रयोग भएको र सूचना प्रकाशन गरिएकोले मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रकम रु.</td><td>१८,९१०</td></tr>
<tr><td>८०.२</td><td></td><td></td><td>कृषि उत्पादन पकेट कार्यक्रम तर्फः संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु तर्फ बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट कार्यक्रमको लागि गाउँपालिकाले सार्वजनिक खरिद नियमावली २०६४ मा उल्लेख भए बमोजिम दररेट |माग नगरी दोदीं बहुउदेश्य कृषि वन नर्सरी संगको दररेट मात्र राखेर सोझै खरिद गरको |देखियो यसरी नियमावली विपरित खरिद रकम रु.</td><td>६७८,७१७</td></tr>
<tr><td>८०.३</td><td></td><td></td><td>औषधी खरिद तर्फः खरिद नियमावली २०६४ को नियम ८५ अनुसार २५ लाख रुपैयाँ सम्मको औषधीजन्य माल सामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकिएको विक्रि मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहले प्रक्रिया</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बेगर एक आर्थिक वर्षमा एउटा आपुर्तीकर्ता संग सीमाभन्दा बढि रकम सोझै खरिद गर्न नहुने उल्लेख भएकोमा नियमावलीमा भएको व्यवस्था विपरित हुने गरि एउटै फर्मसंग पटक पटक खरिद भएकाले उक्त रकम अनियमित देखिएको रु.
<table>
<tr><th>भौ नं</th><th>खरिदको विवरण</th><th>आपूर्तिकर्ताको नाम</th><th>रकम रु</th></tr>
<tr><td>१३८</td><td>औषधि खरिद</td><td>योमन मेडिसेल्स</td><td>७४९९००</td></tr>
<tr><td>३७</td><td>औषधि खरिद</td><td>योमन मेडिसेल्स</td><td>४९९४३५</td></tr>
<tr><td>११०</td><td>औषधि खरिद</td><td>योमन मेडिसेल्स</td><td>९९८६८</td></tr>
<tr><td>१२८</td><td>फिल्डमा आवश्यक सामाग्री खरिद</td><td>योमन मेडिसेल्स</td><td>८७८०</td></tr>
<tr><td>१५</td><td>औषधि खरिद</td><td>योमन मेडिसेल्स</td><td>२७३४६</td></tr>
<tr><td>२०</td><td>औषधि खरिद</td><td>क्यान्डेला मेडिकन्सर्न</td><td>६०००००</td></tr>
<tr><td>२१</td><td>औषधि खरिद</td><td>क्यान्डेला मेडिकन्सर्न</td><td>१६९९०६</td></tr>
<tr><td>३</td><td>औषधि खरिद</td><td>युदिप मेडिको सप्लायर्स</td><td>४९९५८२</td></tr>
<tr><td>४</td><td>औषधि खरिद</td><td>डालिमा मेडिसेल्स</td><td>४९९८८५</td></tr>
</table></td><td>३१५४७२०</td></tr>
<tr><td>८०.४</td><td></td><td></td><td>वितरण भरपाई पेश गर्नुपर्नेः दोर्दी गाउँपालिका युवा तथा खेलकुद विकास समितिलाई खेलकुद सामाग्री खरिद गर्न पालिकाले भौ.नं. ८ र मिति २०७८।०८।२४ मा पालिकाबाट रु.२९२४७५।०० भुक्तानी भएको रकमबाट खरिद भएको खेलकुद सामाग्रीको वितरणको भरपाई प्रमाण पेश गर्नु पर्ने रकम रु.</td><td>२९२,४७५</td></tr>
<tr><td>८०.५</td><td></td><td></td><td>स्वास्थ्य शाखा कर्मचारी तलव तर्फः दोर्दी गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत केहि कर्मचारीहरुलाई कार्यालय संचालन सम्बन्धी खर्चबाट ८ जना कर्मचारीलाई मासिक रु.२२५० का दरले बार्षिक रु.२१६००० फिल्ड भत्ता भुक्तानी दिएको पाइयो । कार्यालयसंग बुझ्दा कुनै समय ग्रामिण स्वास्थ्य कार्यकर्ताको रुपमा फिल्डमा काम गर्दा सो रकम उपलब्ध गराइएको हो तर उहाँहरु सो पदबाट बढुवा भएर अ.न.मि./अ.हे.ब. हुँदै अहिले सि. अ.न.मि./ सि.अ.हे.व. पदमा बढुवा भइ नेपाल सरकारले निर्धारण गरेको तलव भुक्तानी भइराखेको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अवस्थामा पनि ग्रा.स्वा.का. समयको फिल्ड भत्ता भुक्तानी गर्नेबारे कहिँ कतै कार्यविधिमा उल्लेख गरिएको पाइएन । यसरी नियम र मापदण्ड विपरित भुक्तानी भएको असुल उपर गर्नुपर्ने रकम रु.
<table>
<tr><td>क सं</td><td>कर्मचारीको नाम</td><td>पद र ठेगाना</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>रोहिणी अधिकारी</td><td>सि.अ.न.मी दोर्दी-१</td><td>२७०००</td></tr>
<tr><td>२</td><td>प्रदिपशाली घिमिरे</td><td>सि.अ.हे.व दोर्दी-१</td><td>२७०००</td></tr>
<tr><td>३</td><td>सरस्वती घिमिरे</td><td>सि.अ.न.मी दोर्दी-३</td><td>२७०००</td></tr>
<tr><td>४</td><td>कमला घले</td><td>सि.अ.न.मी दोर्दी-४</td><td>२७०००</td></tr>
<tr><td>५</td><td>मिन कुमारी गूरुङ</td><td>सि.अ.न.मी दोर्दी-५</td><td>२७०००</td></tr>
<tr><td>६</td><td>बाग्मती तामाङ</td><td>सि.अ.न.मी दोर्दी-९</td><td>२७०००</td></tr>
<tr><td>७</td><td>सविता गुरुङ</td><td>सि.अ.न.मी दोर्दी-८</td><td>२७०००</td></tr>
<tr><td>८</td><td>मिन कुमारी गुरुङ</td><td>सि.अ.न.मी दोर्दी-७</td><td>२७०००</td></tr>
</table></td><td>२१६,०००</td></tr>
<tr><td>८१</td><td></td><td></td><td>सभाबाट पारित बजेट कार्यपालिकाद्वारा परिवर्तन<br>स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम गाँउ सभाबाट पारित योजना कार्यान्वयन गर्नुपर्दछ । सभाबाट पारित योजना कार्यान्वयन नगरी गाँउ कार्यपालिकाको निर्णयले योजना परिवर्तन गरी खर्च गरेको देखियो । सभाबाट पारित योजना कार्यपालिकाले परिवर्तन गर्नु उपयुक्त देखिएन । कार्यपालिकाले अनुत्पादक एवं रोजगार सृजना नहुने कार्यमा खर्च गरेकोले यसरी कार्यक्रम परिवर्तन गर्नु उपयुक्त देखिएन ।
<table>
<tr><td>सी.नं.</td><td>सभाबाट पारित योजना</td><td>बजेट(रु हजार)</td><td>कार्यपालिकाले परिवर्तन गरेको कार्यक्रम</td><td>रकम(रु हजार)</td></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">वडा कार्यालय सोलार सामाग्री खरिद</td><td rowspan="2">१५०</td><td>१ वडा कार्यालय सामाग्री खरिद</td><td>१००</td></tr>
<tr><td>२ जेष्ठ नागिक सम्मान कार्यक्रम</td><td>५०</td></tr>
<tr><td>२</td><td>सिरानचोक आमा समुह भवन निर्माण</td><td>२००</td><td>शिरान्चोक शिव मन्दिर निर्माण</td><td>२००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="7">३</td><td rowspan="7">बाढी पहिरो पुनःनिर्माण तथा प्रवलिकरण</td><td rowspan="7">४०००</td><td>१ तमु कल्याण युवा क्लब</td><td>१५०</td></tr>
<tr><td>२ गापा केन्द्र सोलार सामाग्री खरिद</td><td>८००</td></tr>
<tr><td>३ शान्ती मिलन युवा क्लब</td><td>७०</td></tr>
<tr><td>४ मौलाकोट युवा क्लक</td><td>५०</td></tr>
<tr><td>५ सल्लाबोट युवा क्लब</td><td>५०</td></tr>
<tr><td>६ सरस्वती युवा क्लब</td><td>४०</td></tr>
<tr><td>७ साँधीखोला युवा क्लब</td><td>५०</td></tr>
<tr><td rowspan="3">४</td><td rowspan="3">होमस्टे व्यवस्थापन तथा पर्यटन सम्बन्धी तालिम</td><td rowspan="3">५००</td><td>१ पत्रकार महासँघ जिल्ला कार्य समिति भवन निर्माण</td><td>२००</td></tr>
<tr><td>२ तमु समाज ल्होसार कार्यक्रम</td><td>१००</td></tr>
<tr><td>३ हिलेटक्सार युवा क्लब</td><td>४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>ग्यावियन जाली खरिद<br>कार्यालयबाट खरिद गरेका सामाग्रीहरुको उचित प्रयोग गर्नुपर्दछ । प्राविधिक प्रयोजनमा खरिद गरेका सामाग्रीहरुको प्रयोगको पुष्टयाई प्राविधिक रुपले नै गरिनुपर्दछ । भौ.नं २४६ मिति २०७९।३।१६ बाट लमजुङ हार्डवयर सेन्टर एण्ड सप्लायर्सबाट २×१५ को १३८ थान ग्याबिन जाली खरिद बापत रु ५००००० भुक्तानी गरेकोमा १३८ थान जाली विभिन्न २३ जना लाई वितरण गरेकोमा उक्त जाली प्रयोगको नापि किताब पेश गर्नुपर्ने रु</td><td>५००,०००</td></tr>
<tr><td>८३</td><td></td><td></td><td>पेश्की बाँकी<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई वेरुजू नमानिने व्यवस्था गरेको छ। पालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसारका निर्माण व्यवसायी सेवाको नाममा रहेको पेश्की फछ्यौंट गर्नुपर्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| गो भौ न | पेश्की लिने व्यक्ति/फर्म/कम्पनी | वापत | आव २०७७।७८ को पेश्की बाँकी | |
|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको |
| १ | अधिकारी कन्स्ट्रक्सन प्रा.लि | वडा कार्यालय भबन निर्माण वडा नं. १ भारते | ४४७२८८ | |
| १ | निर्भर कन्स्ट्रक्सन | वडा कार्यालय भबन निर्माण वडा नं. ९ हिलेटक्सार | २०२९८७ | |
| १ | भैरव / शुभारमभ मालिकादेवि कन्स्ट्रक्सन जे.भि. | फलेनी स्वास्थ्य चौकी भबन (दोर्दी-७), ढोडेनी स्वास्थ्य चौकी भबन (दोर्दी-६) ,पाचोक स्वास्थ्य चौकी भबन (दोर्दी-५) ,श्रीमङ्गाङ स्वास्थ्य चौकी भबन (दोर्दी-३) | १८८२००० | |
| १ | माता बाराही इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा. लि | लेनी स्वास्थ्य चौकी भबन (दोर्दी-७), ढोडेनी स्वास्थ्य चौकी भबन (दोर्दी-६) ,पाचोक स्वास्थ्य चौकी भबन (दोर्दी-५) ,श्रीमङ्गाङ स्वास्थ्य चौकी भबन (दोर्दी-३) | १३९०००० | |
| ३ | बिश्वरुप निर्माण सेवा | दोर्दी गा.पा. सडक निर्माण | ६९०००० | |
| ४ | कर्ण/दिक्षित जे.भि. | समपुरक कोष | १२५०००० | |
| ११ | गणपति कन्स्ट्रक्सन | लक्ष्मी मा.वि. भवन निर्माण योजना | २३००००० | |
| १३ | रविना । श्रेया । जुगल जे.भि. | चिस्यान गृह निर्माण | ७१६५०० | |
| १९ | रविना । श्रेया । जुगल जे.भि | चिस्यान गृह निर्माण | ७१६५०० | |
| ५२ | रविना । श्रेया । जुगल जे.भि | चिस्यान गृह निर्माण | १४३३००० | |
| जम्मा | | | ११०२८२७५ | |